**आकाशवाणी समाचार- नेपाली**

मितिः ०८ नोभेम्बर २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

- राष्ट्रपति द्रौपदी मुर्मुले आजदेखि अंगोला र बोत्सवानाको भ्रमण गर्नुहुँदैछ। यी दुई अफ्रिकी देशहरूमा भारतीय राष्ट्रपतिको यो पहिलो भ्रमण हुनेछ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको वाराणसीमा चार नयाँ वन्दे भारत एक्सप्रेस रेलहरूको उद्घाटन गर्नुहुनेछ।

- बिहार विधानसभा चुनावको दोस्रो तथा अन्तिम चरणको प्रचार चरममा पुगेको छ। एनडीए र महागठबन्धनका वरिष्ठ नेताहरू, स्टार प्रचारकहरू र अन्य दलका नेताहरू निरन्तर भ्रमण गरिरहेका छन्।

- राष्ट्रिय अनुसन्धान एजेन्सीको विशेष अदालतले पाकिस्तानसँग जोडिएको विशाखापट्टनम नौसेना जासूसी मुद्दामा थप दुई अभियुक्तलाई जेलको  सजाय सुनाएको छ।

- पाँच खेलको ट्वान्टी-२० क्रिकेट शृङ्खलाको अन्तिम खेलमा भारतले आज अष्ट्रेलियाको सामना गर्नेछ।

**<u>राष्ट्रपतिको अफ्रिका भ्रमण</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले आजदेखि अंगोला र बोत्सवानाको भ्रमण गर्नुहुँदैछ। यी दुई अफ्रिकी देशहरूमा भारतीय राष्ट्रपतिको यो पहिलो भ्रमण हुनेछ।१३ नोभेम्बरसम्म चल्ने भ्रमणको क्रममा राष्ट्रपति मुर्मुले आफ्ना समकक्षीहरूसँग द्विपक्षीय वार्ता गर्नुहुनेछ|उहाँले त्यहाँको संसदलाई सम्बोधन गर्नुहुनेछ र भारतीय समुदायसँग अन्तरक्रिया पनि गर्नेछिन्। ११ नोभेम्बरमा राष्ट्रपति मुर्मुले अंगोलाको ५० औं स्वतन्त्रता दिवस समारोहमा भाग लिनुहुनेछ। भ्रमणको उद्देश्य विद्यमान द्विपक्षीय सम्बन्धहरूको समीक्षा गर्नु र भविष्यमा हुने सहयोगका लागि नयाँ अवसरहरू खोज्नु हो। भ्रमणको क्रममा व्यापार, लगानी, रक्षा, स्वास्थ्य, पूर्वाधार र आपसी सम्बन्धलाई सुदृढ पार्ने विषयमा छलफल केन्द्रित हुनेछ। बोत्सवानामा परियोजना चिता पनि छलफलको लागि तय गरिएको छ।

हाम्रो संवाददाताले बोत्सवाना र अंगोलाको राष्ट्रपतिको भ्रमणले भारत-अफ्रिका सम्बन्धलाई अझ बलियो बनाउने लक्ष्य राखेको बताएका छन्।

**<u>प्रधानमन्त्री - वाराणसी भ्रमण</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको वाराणसीमा चार नयाँ वन्दे भारत एक्सप्रेस रेलहरूको उद्घाटन गर्नुहुनेछ। हिजो साँझ वाराणसी आइपुगेपछि, प्रधानमन्त्रीलाई शहरका बासिन्दा र पार्टी कार्यकर्ताहरूले भव्य स्वागत गरे।नयाँ वन्दे भारत एक्सप्रेस रेलहरू वाराणसी-खजुराहो, लखनऊ-सहारापुर, फिरोजपुर-दिल्ली र एर्नाकुलम-बेङ्गलुरु रुटहरूमा चल्नेछन्। यी रेलहरूले यात्रा समय घटाउनेछन्, क्षेत्रीय गतिशीलता बढाउनेछन्, पर्यटन प्रवर्द्धन गर्नेछन् र देशभर आर्थिक गतिविधि बढाउनेछन्।वाराणसी-खजुराहो वन्दे भारतले यस मार्गमा प्रत्यक्ष सम्पर्क प्रदान गर्नेछ, हाल सञ्चालनमा रहेका विशेष रेलहरूको तुलनामा लगभग २ घण्टा ४० मिनेट बचत गर्नेछ। यसले वाराणसी, प्रयागराज, चित्रकूट र खजुराहो लगायत भारतका केही सबैभन्दा सम्मानित धार्मिक र सांस्कृतिक स्थलहरूलाई जोड्नेछ। लखनऊ-सहारापुर वन्दे भारतले यात्रा लगभग ७ घण्टा ४५ मिनेटमा पूरा गर्नेछ, यात्रा समय लगभग एक घण्टा घटाउनेछ। यसले लखनऊ, सीतापुर, शाहजहाँपुर, बरेली, मुरादाबाद, बिजनौर र सहारनपुरका यात्रुहरूलाई उल्लेखनीय रूपमा फाइदा पुर्‍याउनेछ। फिरोजपुर-दिल्ली वन्दे भारत एक्सप्रेस यस मार्गको सबैभन्दा छिटो रेल हुनेछ, जसले यात्रा केवल ६ घण्टा ४० मिनेटमा पूरा गर्नेछ। फिरोजपुर-दिल्ली वन्दे भारत एक्सप्रेसले राष्ट्रिय राजधानी

र फिरोजपुर, भटिंडा र पटियाला लगायत पञ्जाबका प्रमुख शहरहरू बीचको सम्पर्कलाई बलियो बनाउनेछ।दक्षिण भारतमा, एर्नाकुलम-बेङ्गलुरु वन्दे भारत एक्सप्रेसले यात्रा समय २ घण्टा घटाउनेछ, जसमा ८ घण्टा ४० मिनेट लाग्छ। यसले प्रमुख आईटी र व्यावसायिक केन्द्रहरूलाई जोड्नेछ, जसले पेशेवरहरू, विद्यार्थीहरू र पर्यटकहरूलाई छिटो र थप आरामदायी यात्रा विकल्प प्रदान गर्नेछ।

**प्रधानमन्त्री सम्मेलन - कानूनी सहायता**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ नयाँ दिल्लीको सर्वोच्च अदालतमा कानूनी सहायता वितरण संयन्त्रलाई सुदृढ पार्ने राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नुहुनेछ। प्रधानमन्त्रीले राष्ट्रिय कानूनी सेवा प्राधिकरणद्वारा तयार पारिएको सामुदायिक मध्यस्थता प्रशिक्षण मोड्युलको सुरुवात गर्नुहुनेछ। यस अवसरमा उहाँले जनसमूहलाई सम्बोधन पनि गर्नुहुनेछ। दुई दिने सम्मेलनले कानूनी सेवा पूर्वाधारका प्रमुख पक्षहरू, जस्तै कानूनी सहायता परामर्श प्रणाली, प्यानल वकिलहरू, प्यारालिगल स्वयंसेवकहरू, स्थायी लोक अदालतहरू, र कानूनी सेवा संस्थाहरूको वित्तीय व्यवस्थापनमा छलफल गर्नेछ।

**बिहार विधानसभा**

बिहार विधानसभा चुनावको दोस्रो तथा अन्तिम चरणको प्रचार चरममा पुगेको छ। एनडीए र महागठबन्धनका वरिष्ठ नेताहरू, स्टार प्रचारकहरू र अन्य दलका नेताहरू निरन्तर भ्रमण गरिरहेका छन्। वरिष्ठ भाजपा नेताहरू र प्रधानमन्त्री नरेन्द्र मोदीले औरंगाबाद र भबुआमा सार्वजनिक सभाहरूलाई सम्बोधन गरिरहेछन्।प्रधानमन्त्री मोदीले औरंगाबादमा एनडीएले बिहारलाई विकसित राज्य बनाउने बताउनुभयो|श्री मोदीले भन्नुभयो-बिहारलाई एनडीएको इमान्दार चुनावी घोषणापत्रमा विश्वास छ। प्रधानमन्त्री मोदीले कांग्रेस र आरजेडीले केवल दुर्व्यवहार र मानहानीको राजनीतिमा संलग्न भएको आरोप लगाउनुभयो।भाबुआको ऱ्यालीमा प्रधानमन्त्रीले आरजेडी र कांग्रेसले बिहारका युवाहरूलाई भ्रमित गर्न कडा परिश्रम गरेको आरोप लगाउनुभयो-

वरिष्ठ भाजपा नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले भन्नुभयो- एनडीएले सत्तामा फर्किएपछि बिहारलाई बाढीमुक्त बनाउन छुट्टै मन्त्रालय बनाउने निर्णय गरेको छ।

भाजपा अध्यक्ष जे.पी. नड्डाले गोविन्दगंजको ऱ्यालीमा भन्नुभयो- यो चुनाव विकासलाई अझ तीव्र बनाउन र सरकारलाई स्थिरता र बल प्रदान गर्न आयोजना गरिएको हो।वरिष्ठ भाजपा नेता तथा उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले एनडीए उम्मेदवारहरूको समर्थनमा पूर्व र पश्चिम चम्पारण जिल्लाहरूमा धेरै ऱ्यालीहरूलाई सम्बोधन गर्नुभयो।
कांग्रेस अध्यक्ष मल्लिकार्जुन खडगेले रोहतासको चेनारीमा एक सार्वजनिक सभालाई सम्बोधन गर्दै नीतीश कुमारले २० वर्षसम्म राज्यमा शासन गरे पनि मानिसहरूलाई अझै पनि रोजगारीको अवसरको अभाव रहेको आरोप लगाउनुभयो।वरिष्ठ कांग्रेस नेता राहुल गान्धीले अमरपुरमा एक सार्वजनिक ऱ्यालीलाई सम्बोधन गर्नुभयो|उहाँले भन्नुभयो-यो चुनाव बिहारको भविष्यको बारेमा हो। उहाँले मतदाताहरूलाई उनीहरूको लागि काम गर्ने र आवश्यकताको समयमा उनीहरूको साथमा उभिने सरकारलाई चुन्न आग्रह गर्नुभयो|उहाँले भन्नुभयो- बिहारको महागठबन्धन सरकारले प्रत्येक नागरिकको आवाजको प्रतिनिधित्व गर्नेछ।

महागठबन्धनका मुख्यमन्त्री पदका उम्मेदवार तेजस्वी यादवले पूर्णिया, भागलपुर र बांकाका ऱ्यालीहरूलाई सम्बोधन गर्नुभयो।उहाँले भन्नुभयो- एनडीए नेताहरूले रोजगारीको वास्तविक मुद्दाबाट जनताको ध्यान हटाउन खोजिरहेका छन्। समाजवादी पार्टीका अध्यक्ष अखिलेश यादवले रोहतासको नोखामा एक सार्वजनिक ऱ्यालीलाई सम्बोधन गर्नुभयो।विधानसभा चुनावको दोस्रो तथा अन्तिम चरणमा ११ नोभेम्बरमा २० जिल्लाका १२२ विधानसभा निर्वाचन क्षेत्रमा मतदान हुनेछ। मतगणना १४ नोभेम्बरमा हुनेछ।

**जीएसटी- रियल एस्टेट**

सरकारले विभिन्न क्षेत्रमा जीएसटीको दर घटाएसँगै सेप्टेम्बर २२ मा सुरु भएको जीएसटी बचत उत्सवले देशभरका नागरिकलाई फाइदा पुर्याउदै आएको छ । यस श्रीखलामा हामी आज रियल इस्टेट क्षेत्रमा अर्को पीढ़ीको जीएसटी सुधारले नागरिकहरूलाई कसरी मद्दत गरिरहेको छ। यसबारेमा कुरा गर्नेछौ...........

**नागरिक उड्डयन - दिल्ली**

नागरिक उड्डयन मन्त्रालयले दिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय हवाई अड्डामा स्वचालित सन्देश स्विचिङ प्रणालीमा भएको प्राविधिक समस्या समाधान गरेको बताएको छ। यो त्रुटिका कारण उडान योजना सन्देशहरू प्रशोधन गर्न ढिलाइ भइरहेको थियो। प्रणाली अब कार्यात्मक छ। प्राविधिक समस्याका कारण हवाईअड्डामा धेरै आन्तरिक र अन्तर्राष्ट्रिय उडानहरू ढिलाइ भएका छन्।मन्त्रालयले एक विज्ञप्तिमा दिल्ली हवाईअड्डामा उडान ढिलाइ चाँडै सामान्यमा फर्किने आश्वासन दिएको छ। केही बाँकी उडानहरूले सामान्य स्वचालित सञ्चालनमा केही ढिलाइ निम्त्याउन सक्छन्, तर अवस्था चाँडै नै फर्कनेछ।

**एनआईए-विशाखापट्टनम**

राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) को विशेष अदालतले पाकिस्तानसँग जोडिएको विशाखापट्टनम नौसेना जासूसी मुद्दामा थप दुई अभियुक्तलाई जेलको  सजाय सुनाएको छ। विशाखापट्टनमको विशेष अदालतले दुवै अभियुक्तलाई पाँच वर्ष दश महिनाको जेल सजाय  साथै पाँच हजार रुपैयाँ जरिवाना पनि तोकेको छ। एनआईएले एक विज्ञप्तिमा भनेको छ-'यससँगै यस मुद्दामा अहिलेसम्म जम्मा छ जना अभियुक्तलाई दोषी ठहर गरी सजाय सुनाइएको छ।'अनुसन्धानका अनुसार, दुई व्यक्ति सामाजिक सञ्जाल एप मार्फत पाकिस्तानी गुप्तचर एजेन्टहरूसँग सम्पर्कमा आएका थिए। गोप्य जानकारीको बदलीमा उनीहरूले पाकिस्तानी एजेन्टहरूबाट आर्थिक लाभ प्राप्त गरेका थिए। मुद्दामा अन्य अभियुक्तहरू विरुद्ध थप अनुसन्धान र मुद्दा चलिरहेको छ।

**बुद्ध अवशेष - थिम्पु**

नयाँ दिल्लीको राष्ट्रिय संग्रहालयमा राखिएको भगवान बुद्धका पवित्र अवशेषहरूलाई आज एघार दिने सार्वजनिक प्रदर्शनीको लागि भुटान लगिनेछ। सामाजिक न्याय तथा अधिकारिता मन्त्री डा. वीरेन्द्र कुमारले प्रतिनिधिमण्डलको नेतृत्व गर्नुहुनेछ। संस्कृति मन्त्रालयले यो प्रदर्शनी थिम्पुमा आयोजना भइरहेको विश्वव्यापी शान्ति प्रार्थना महोत्सवको एक हिस्सा भएको बताएको छ।

**ट्वान्टी-२० पुरुष क्रिकेट**

पाँच खेलको ट्वान्टी-२० क्रिकेट शृङ्खलाको अन्तिम खेलमा भारतले आज अष्ट्रेलियाको सामना गर्नेछ। खेल दिउँसो १:४५ बजे ब्रिस्बेनको गाब्बामा सुरु हुनेछ। बिहीबार क्वीन्सल्याण्डमा खेलिएको चौथो खेलमा भारतले अष्ट्रेलियालाई ४८ रनले पराजित गर्दै शृङ्खलामा २-१ को अग्रता लिएको छ। आजको खेलमा केवल एक विकेट लिएर, भारतीय तीव्र गतिका बलर जसप्रीत बुमराह ट्वान्टी-२० क्रिकेटमा १०० विकेट लिने दोस्रो भारतीय बलर बन्नेछन्। यदि उनले यो उपलब्धि हासिल गरे भने, उनी खेलको तीनै ढाँचामा १०० भन्दा बढी विकेट लिने पहिलो भारतीय बलर पनि बन्नेछन्।

****** ० ******